सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक १४७ ♦ २०८२ साल माघ १६ शुक्रवार ♦ 30 Jan 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

# महोत्तरीको चुनाव : परम्परागत गणितभन्दा बाहिरको सम्भावना




**अजयकुमार साह**
**माघ १५ गते, बर्दिवास**

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा महोत्तरीको राजनीतिक वातावरण केवल तातेको मात्र छैन, परम्परागत गणितभन्दा बाहिरको सम्भावनाको आंकलन गरिएकोछ। चारवटा निर्वाचन क्षेत्र रहेको यस जिल्लामा यसपटकको चुनाव परम्परागत जित-हारको गणितभन्दा धेरै बाहिर पुग्ने संकेत देखिन थालेका छन्। विश्लेषकहरूका अनुसार दलगत संगठन, पैसाको प्रभाव, जातीय समीकरण र मतदातामा बढ्दै गएको वैकल्पिक र ाजनीतिक सोचले महोत्तरीमा अप्रत्यासित परिणाम ल्याउन सक्ने अवस्था सिर्जना गरेको छ। महोत्तरीको भौगोलिक र सामाजिक संरचना नै यहाँको निर्वाचनलाई जटिल बनाउने प्रमुख कारण हो। राजमार्गसँग जोडिएको सहरी क्षेत्र, उत्तर तर्फका पहाडी बस्ती र दक्षिणका ग्रामीण तथा मधेसी बस्तीबीच फरक-फरक प्राथमिकता देखिन्छ। यही विविधताले एउटै क्षेत्रमा पनि मतदाताको झुकाव फरक बनाइदिएको छ। यसपटक उम्मेदवारहरूका लागि पार्टीको झण्डाभन्दा पनि व्यक्तिगत छवि, पहुँच र विगतको कार्यसम्पादन बढी निर्णायक बन्ने संकेत देखिन्छ।

राजमार्ग र उत्तरी भेग समेटिएको निर्वाचन क्षेत्र नम्बर १ मा नेपाली कम्युनिस्ट पार्टीका प्रभावशाली नेता तथा पूर्वमन्त्री गिरिराजमणि पोखरेल प्रमुख दाबेदारका रूपमा मैदानमा हुनुहुन्छ। बर्दिवास क्षेत्रमा पूर्वाधार विकास, सरकारी कार्यालय स्थापना र लामो र ाजनीतिक यात्राका कारण उहाँ यस क्षेत्रमा लोकप्रिय मानिनुहुन्छ। २०६४ सालदेखि निरन्तर यसै क्षेत्रबाट प्रतिस्पर्धा गर्दै आउनु भएका पोखरेलको यो पाँचौं चुनावी यात्रा हो। तीनपटक लगातार जित हासिल गरे पनि २०७९ मा एमालेका लक्ष्मी महतो कोइरीसँग पराजित हुनु भएको थियो। यसपटक पुनः यी दुई नेताबीच प्रत्यक्ष प्रतिस्पर्धा हुँदा चुनाव रोचक बनेको छ। भने कांग्रेस र राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवारले मत काट्ने सम्भावना बढाएका छन्।

यस क्षेत्रमा नेपाली कांग्रेसबाट मुकेश काफ्ले उम्मेदवार हुनुहुन्छ। नेपाल विद्युत प्राधिकरणका पूर्वकार्यकारी निर्देशक काफ्ले प्रशासनिक अनुभव बोकेर राजनीतिमा प्रवेश गर्नुभएको हो। त्यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रमोद महतो उम्मेदवार बनेका छन्। नयाँ राजनीतिक धार र परिवर्तनको नाराले यहाँका युवा मतदातालाई आकर्षित गर्न सक्ने आँकलन गरिएको छ। बहुदलीय भिडन्तका कारण क्षेत्र नं. १ मा मत विभाजन भई नतिजा उल्टिन सक्ने सम्भावना देखिएको छ।

क्षेत्र नम्बर २ मा राजनीति अनुभव र प्रतिष्ठाको लडाइँमा केन्द्रित देखिन्छ। शरतसिंह भण्डारी र किरण यादव दुवैको राजनीतिक इतिहास गहिरो छ। यहाँ मतदाता केवल उम्मेदवारको नाम होइन, उनीहरूले बोकेको विचारधारा, आन्दोलनको स्मृति र विकासप्रतिको प्रतिबद्धतालाई तौलि रहेका छन्। परम्परागत मत बैंक भए पनि नयाँ पुस्ताको सोच र असन्तुष्ट मतदाताको संख्या बढ्नुले नतिजा एकतर्फी नहुने संकेत गरेको छ। नेकपा एमालेका कसिफ नदाफ उम्मेदवार हुनुहुन्छ।

महोत्तरी निर्वाचन क्षेत्र नम्बर ३ यसपटक झनै रोमाञ्चक देखिएको छ। ४१ जना उम्मेदवार चुनावी मैदानमा उत्रिएकाले यहाँ मतदाताको निर्णय अनुमान गर्न कठिन बनेको छ। कांग्रेसका बजरङ्ग नेपाली, एमालेका मनोज सिंह, जसपा नेपालकी मिनाक्षी ठाकुर झा, राष्ट्रिय स्वतन्त्र पार्टीका उज्ज्वल झा र स्वतन्त्र उम्मेदवार र ामआधार कापरबीच कडा प्रतिस्पर्धा हुने अनुमान छ। पार्टी एकीकरणपछि टिकट नपाएपछि हरिनारायण यादव स्वतन्त्र उम्मेदवार बनेपछि यहाँको चुनावी समीकरण थप जटिल बनेको छ।

निर्वाचन क्षेत्र नम्बर ४ मा तीन जना पूर्वमन्त्री एकैसाथ मैदानमा हुनुहुन्छ। नेपाली कांग्रेसका महेन्द्रकुमार राय, जसपा नेपालका डा. सुरेन्द्र यादव र नेकपाका भरतप्रसाद साह बीचको प्रतिस्पर्धाले यो क्षेत्र पनि चर्किएको छ। एमालेका निलम अधिकारीको उपस्थितिले चुनाव थप अनिश्चित बनेको छ।

यहाँ अनुभव नै मुख्य हतियार बनेको देखिए पनि मतदाता अब केवल विगत होइन, भविष्यको स्पष्ट खाकासमेत खोजिरहेका छन्। एमालेका उम्मेदवारको उपस्थितिले त्रिकोणभन्दा पनि बहुकोणीय प्रतिस्पर्धा सिर्जना गरेको छ।

महोत्तरीको निर्वाचन यसपटक दलगत गणितभन्दा बाहिर गएर मतदाताको मनोविज्ञानमा केन्द्रित हुँदै गएको छ। अनुभव र नयाँ सोच, परम्परा र परिवर्तनबीचको यो द्वन्द्वले जिल्लामा अप्रत्यासित नतिजा ल्याउन सक्ने सम्भावना प्रबल बनाएको छ। समग्रमा महोत्तरी जिल्लाको कुनै पनि क्षेत्रमा कसैको एकल दाबेदारी नरहेको र चारवटै निर्वाचन क्षेत्रमा अप्रत्यासित मत परिणाम आउन सक्ने विश्लेषकको बुझाइरहेको छ ।

# गौशालाबाट मोटरसाइल लुटपाट र चोरी घटनामा संलग्न तीन पक्राउ

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**माघ १५ गते, महोत्तरी**

महोत्तरीमा मोटर साइकल लुटपाट र चोरी घटनामा संलग्न तीनजना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार महोत्तरीको गौशाला नगरपालिका-१२ प्रडियामा मोटरसाइकल र मोबाइल लुटपाट घटनामा संलग्न तीन जना युवालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा गौशाला नगरपालिका-१२ बस्ने १८ वर्षीय निर्मल साह सोनार १८ वर्षीय नितेश कुमार कुशवाहा र १८ वर्षीय मनिष राम रहेका छन् । बुधबार राति करिब साढे आठ बजे गौशाला-१२ का स्थायी बासिन्दा विषेश्वर सिंह कुशवाहा ज ५ प ४३२४ नम्बरको डिस्कोभर मोटरसाइकलमा घर फर्किँदै गर्दा सुनसान स्थानमा यी तीनै जना युवाहरुले बाटो छेकी मोटरसाइकल रोकेर

बाँकी पृष्ठ ३ मा



# ‘भावी प्रधानमन्त्री’का उम्मेदवार को कति जोखिममा ?



निर्वाचन क्षेत्रको पृष्ठभूमि, मतदानको प्रवृत्ति, दलीय संगठनको पकड र आन्दोलनपछि बदलिएको मतदाताको मनोविज्ञानलाई आधार बनाएर हेर्दा चारै जना उम्मेदवारका आ-आफ्ना खालका चुनौती र अनुकूलता छन् ।

नेपाली कांग्रेसका सभापति गगनकुमार थापा, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाह (बालेन), एमाले अध्यक्ष केपी शर्मा ओली आ-आफ्नो दलबाट भावी प्रधानमन्त्रीका घोषित उम्मेदवार हुन् । नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ अघोषित भए पनि स्वतः ‘भावी प्रधानमन्त्री’का उम्मेदवार हुने नै भए, जो कमजोर संसदीय अंक गणितका बावजुद पनि सत्ता राजनीतिको खेलमा माहिर मानिन्छन् ।

यी चार नेताको निर्वाचन क्षेत्रको अवस्था कस्तो छ ? निर्वाचन क्षेत्रको पृष्ठभूमि, मतदानको विगतको प्रवृत्ति, दलीय संगठनको पकड र जेन जी आन्दोलनपछि बदलिएको मतदाताको मनोविज्ञानलाई आधार बनाएर हेर्दा चारै जना उम्मेदवारका आ-आफ्ना खालका चुनौती र अनुकूलताहरू छन् ।

### प्रचण्डका तीन सहजता, तीन प्रतिकूलता

थापा, शाह र ओलीको तुलनामा रुकुम पूर्वमा प्रचण्ड बढी सुरक्षित देखिन्छन् । रुकुम पूर्वमा प्रचण्डले चुनाव जित्न सक्ने पहिलो महत्त्वपूर्ण कारण यो निर्वाचन क्षेत्र माओवादी जनयुद्धको आधार इलाका हो । रुकुम र रोल्पा माओवादी जनयुद्धका मुख्य आधार इलाका मानिन्थ्यो । संघीय नेपालको प्रदेश रचनासँगै रुकुम दुई जिल्लामा विभाजन भयो । रुकुम पश्चिम कर्णाली र रुकुम पूर्व लुम्बिनी प्रदेशमा पर्‍यो ।

दोस्रो कुरा - रुकुम पूर्व जिल्ला बन्नुअघि देखि नै यो क्षेत्रमा माओवादीले जित्दै आएको छ । यहाँ २०६४ सालको पहिलो संविधानसभा निर्वाचन यताका सबै चुनाव माओवादीले जितेको छ । गत आम निर्वाचनमा यहाँ ६ जना मात्र उम्मेदवार थिए । नेकपा (माओवादी केन्द्र) का पूर्णबहादुर घर्ती मगरले १२ हजार २६२ मत प्राप्त गर्दा एमालेका कैलाशकुमार मल्लले आधाभन्दा कम ५ हजार २११ मत मात्रै प्राप्त गरेका थिए । नेपाली कांग्रेसले माओवादीलाई समर्थन गरेको थियो भने रास्वपाको उम्मेदवार नै थिएन ।

यसपाली ११ उम्मेदवारमध्ये एमालेले प्रगतिशील-लोकतान्त्रिक पार्टीका सन्दीप पुनलाई समर्थन गरेको छ । कांग्रेसकी कुसुमदेवी थापा, रास्वापाका लखनकुमार थापा, विप्लव माओवादीका जुद्धबहादुर बुढा थप उम्मेदवार हुन् ।

तेस्रो - प्रचण्डको कदलाई भेट्ने उम्मेदवार नहुनुले उनलाई अनुकूल छ भन्न सकिने अवस्था छ । तर, प्रचण्डका लागि यहाँ चुनौती पनि छन् । जनार्दन शर्माको विद्रोहको प्रभाव, एमाले र प्रलोपाबीचको तालमेल सम्झौता र चुनावैपिच्छे निर्वाचन क्षेत्र फेर्ने नेताका रूपमा प्रचण्डप्रतिको अविश्वासनीयता उनका लागि चुनौती हुन् । एमालेले आफ्नो परम्परागत मत कायम राख्यो र जनार्दन शर्माको विद्रोहले माओवादीको उल्लेखनीय मत प्रभावित भयो भने प्रचण्डलाई अप्ठेरो पर्न सक्नेछ । ग्रामीण इलाका र मनोविज्ञानको कारण यहाँ जेन जी आन्दोलन र सामाजिक सञ्जालको प्रभाव भने कमै पर्ने अनुमान छ ।

### ओलीका छ चुनौती, एक अनुकूलता

बारम्बार जितेको परम्परागत निर्वाचन क्षेत्र भए पनि झापा-५ केपी शर्मा ओलीका लागि सुरक्षित मान्न सकिँदैन । देशले फरक मोड पक्रिएको वा नयाँ राजनीतिक ‘ह्विम’ चलेको बेलामा झापा-५ को मतदान प्रवृत्ति प्रभावित हुने गरेको उदाहरण छ । नेकपा (माओवादी) जनयुद्धबाट शान्ति प्रक्रियामा आएपछिको पहिलो संविधानसभा निर्वाचन-२०६४ मा ओली माओवादीका एक सामान्य कार्यकर्ता विश्वदीप लिङ्देनसँग पराजित भएका थिए ।

यद्यपि, गत आम निर्वाचनमा ओलीले भारी मतले जितेका थिए । गत निर्वाचनमा यहाँ २५ जना उम्मेदवार थिए । नेपाली कांग्रेससँगको गठबन्धनको कारण माओवादीका उम्मेदवार भने थिएनन् । एमाले र राप्रपाबीचको तालमेलका कारण राप्रपाले उम्मेदवारी दिएन । हजार मत कटाउने साना दलको हैसियतमा जनमत पार्टी र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च थिए ।

ओली ५२ हजार ३ सय १९ मत प्राप्त गरी विजय हुँदा नेपाली कांग्रेसका खगेन्द्र अधिकारले २३ हजार ७ सय ४३ र रास्वपाका सुरेश कुमार पोखेलले ११ हजार ८ सय ५९ मत प्राप्त गरेका थिए ।

यसपटक १५ दलीय र ९ स्वतन्त्र गरी २४ उम्मेदवार छन् । नेपाली कम्युनिस्ट पार्टी र राप्रपाका पनि उम्मेदवार मैदानमा खडा भएको हुँदा मत-गणित गत निर्वाचनको भन्दा फरक हुने निश्चित छ । यसपटक झापा-५ मा ओलीका लागि कम्तीमा आधा दर्जन चुनौती छन् ।

एक - यो भारी मत स्वीङ हुन सक्ने शहरीया तथा युवा मतदाता भएको क्षेत्र हो । यहाँ सामाजिक सञ्जालको प्रभाव अवश्य पर्छ । जेन आन्दोलनपछि भोट ओलीविरुद्ध स्वीङ हुनसक्ने सम्भावना अस्वीकार गर्न सकिँदैन । यसपटक ओली जेन जी आन्दोलनमाथि दमन गरेको आरोपबीच चुनाव लड्दै छन् ।

दोस्रो - राप्रपासँग गठबन्धन नहुनु ओलीको अर्को चुनौती हो । एमाले र राप्रपबीच अहिलेसम्म घोषित गठबन्धन वा तालमेल भएको छैन । गत निर्वाचनमा ओलीको धेरै मत आउनुको कारण राप्रपासँगको मिलेमतो थियो । एमालेले झापा-३ मा राजेन्द्र लिंगदेनलाई सहयोग गर्दै झापा-५ का लागि राप्रपाको भोट थप्ने गरेका थिए । झापा-५ मा राप्रपाको पनि राम्रै जनमत छ ।

अन्तिमतिर योपटक पनि ओली र लिङ्देनबीच तालमेल हुनसक्ने सम्भावना भने रहिरहन्छ ।

तेस्रो कुरा - स्वयं एमालेभित्रबाट यसपटक ओलीविरुद्ध अन्तर्घात हुनसक्ने सम्भावना छ । जेन जी आन्दोलन र एमालेको एघारौं महाधिवेशनमा नेतृत्व परिवर्तन असम्भव भएपछि एमालेपक्तिको एउटा हिस्सा निराश र ओलीप्रति प्रतिशोधको भावनामा छ ।

चौथो - विभाजित कम्युनिस्ट जनमत पनि ओलीको चुनौती हो । झापा २०२८ सालको विद्रोहदेखि नै कम्युनिस्ट जमनत बलियो भएको जिल्ला हो । गत चुनावमा माओवादीको उम्मेदवार नहुँदा ओलीलाई कम्युनिस्ट मतको फाइदा भएको थियो । यसपटक नेपाली कम्युनिस्ट पार्टीका रञ्जित तामाङ उम्मेदवार छन् । नेपाली कम्युनिस्ट पार्टीमा एमालेका पूर्व प्रमुखहरू माधवकुमार नेपाल र झलनाथ खनाल भएको कारण पुरानो एमाले भोटको एउटा हिस्सा नेकपातिर जान सक्दछ ।

पाँच - २०४६ यताका ७ मध्ये ६ चुनाव जितेका ओलीविरुद्ध ‘एन्टी-इन्कम्बेन्सी’को सम्भावना छ । सधैं एउटै र उही मान्छेलाई भोट हाल्न मतदातालाई मन नभएको हुन सक्दछ ।

ओलीका लागि अर्को चुनौती रास्वपाका नेता बालेन्द्र शाहको उम्मेदवारी नै हो । ओली मात्र भावी प्रधानमन्त्रीको सम्भावना हुँदा स्थानीय विकास, बजेट प्राप्ति र शक्ति संरचनासँग पहुँचका दृष्टिकोणले मतदाता ओलीकै नजिक हुने सम्भावना बढ्थ्यो । तर, अर्को प्रतिस्पर्धी पनि भावी प्रधानमन्त्रीकै उम्मेदवार हुँदा मतदाताको मनोविज्ञान नयाँ शक्ति संरचनातिर ढल्किने सम्भावना बढ्छ ।

यति हुँदा पनि ओलीको लागि अनुकूलता पनि छ । त्यो भनेको उनको परम्परागत निर्वाचन क्षेत्र, पुरानो स्थानीय सम्बन्ध र एमालेको संगठन तथा सामाजिक प्रभाव हो ।

### बालेनका पाँच आशा

झापा-५ रास्वपाका बालेन्द्र शाहका लागि कमजोर सम्भावना भएको निर्वाचन क्षेत्र हो । उनको चुनाव जित्ने आधार ओलीको भन्दा कमजोर छन् । तथापि, बालेनका सबल पक्ष पनि छन् ।

**एक - सामाजिक सञ्जालको लोकप्रियता**

बालेन्द्र शाह सामाजिक सञ्जालमार्फत देशैभरि लोकप्रिय छन् । यस्तो लोकप्रियताको प्रभाव झापा-५ मा पनि परेको हुनुपर्दछ । झापा-५ मा दमक, गौरादहलगायतका नगर क्षेत्र पर्दछन् । गौरीगन्ज, कमल पालिका पनि शहरीया मध्यम वर्ग संस्कृतिको प्रभाव पर्दै गएका पालिका हुन् ।

**दुई - काठमाडौंको मेयर हुँदाको साख**

काठमाडौं महानगर पालिकाको मेयर हुँदाको शाहको शक्ति र साखको प्रभाव झापा-५ का मतदाताबीच पनि परेको छ ।

**तीन - जेन जी विद्रोह सहजतकर्ताको प्रतिबिम्ब**

हरेक आन्दोलन, जनविद्रोह र क्रान्तिपछि नयाँ नेतृत्वको उदय हुने स्वाभाविक प्रकिया पनि हुन्छ । यो प्रक्रियाले यसपटक बालेन्द्र शाहलाई ‘फेवर’ गर्दछ । किनकि, जेन जी आन्दोलनमा प्रत्यक्ष सहभागी नभए पनि उनले यसको समर्थन र अन्तरिक सरकार बन्ने प्रक्रियाको सहजीकरण गरेर राष्ट्रिय राजनीतिमा भदौ २३-२४ को विद्रोहका नायकका रूपमा स्थापित गरेका थिए ।

तर, २४ गतेका विध्वंशका लागि समेत उनी जिम्मेवार मानिन्छन् । यो उनको प्रतिकूल पक्ष हो ।

**चार - ओलीसँग जुध्ने आँट**

रास्वपा र बालेन्द्र शाहका राजनीतिक विरोधीले पनि उनको साहसको भने समर्थन गरेका छन् । भावी प्रधानमन्त्रीको उम्मेदवार घोषित व्यक्तिले सुरक्षित क्षेत्र रोज्नुको साटो उनी सिधै आफ्ना मुख्य प्रतिस्पर्धीको क्षेत्रमा भिड्न गएका छन्, जहाँ गत आम निर्वाचनमा रास्वपाको भोटसमेत तेस्रो स्थानमा थियो ।

**पाँच - ‘भावी प्रधानमन्त्री’मार्फत मनोवैज्ञानिक युद्ध**

‘भावी प्रधानमन्त्री’को घोषणाले मतदाताको मनोविज्ञानमा बालेनका लागि अनुकूलता सिर्जना हुन सक्दछ ।

झापा-५ को चुनाव बालेन्द्र शाहभन्दा एमाले अध्यक्ष ओलीकै लागि बढी महत्त्वपूर्ण हो । किनकि बालेन हारे पनि उनको उमेर छ । भविष्यमा सम्भावना समाप्त हुँदैन । ओली हारे उनको राजनीतिक पतनको अन्तिम बिन्दु हुनसक्ने छ ।

विशेष महाधिवेशनले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा पन्छ्याइएजस्तै ओली पराजित भएमा उनी प्रधानमन्त्री हुनबाट रोकिने त छन् नै पार्टी अध्यक्षबाट समेत राजीनामा गर्न बाध्य वा हटाइन सक्दछन् ।

### जोखिममुक्त छैनन् गगन

सर्लाही-४ मा उम्मेदवार बनेका नेपाली कांग्रेसका सभापति गगनकुमार थापा पनि जोखिममुक्त छैनन् । यहाँ अहिले १३ दलीय र २५ स्वतन्त्र गरी ३८ उम्मेदवार छन् । तीमध्ये गगन थापा र रास्वपा उम्मेदवार अमरेश कुमार सिंहको चर्चा बढी भए पनि अन्य केही उम्मेदवारले समेत उल्लेखनीय मत प्राप्त गर्ने अनुमान गर्न सकिन्छ । कतिपयले जनमत पार्टीका राकेशकुमार मिश्रसमेत त्रिकोणात्मक प्रतिस्पर्धाको एक पक्ष हुनसक्ने अनुमान गरेका छन् ।

यहाँ एमालेका अमनिश कुमार यादव, जसपा, नेपालका रामेश्वर राय यादव र नेपाली कम्युनिस्ट पार्टीका डा.रजनिश रायले पनि राम्रै मत प्राप्त गर्ने सम्भावना छ ।

गत आम निर्वाचनमा स्वतन्त्र उम्मेदवार अमरेश कुमार सिंहले २० हजार १७ मत प्राप्त गरी विजय हासिल गरेका थिए । तर, उनी नेपाली कांग्रेसकै बागी उम्मेदवार मानिन्थे । अमरेश बागी हुँदा पनि दोस्रो स्थानमा नेपाली कांग्रेसकै आधिकारिक उम्मेदवार नागेन्द्र कुमारले १८ हजार २ सय ५३ मत प्राप्त गरेका थिए ।

गत चुनावमा २० जना उम्मेदवारमध्ये ६ उम्मेदवारको मत हजारभन्दा माथि थियो । तेस्रो स्थानमा स्वतन्त्र मधुमाला कुमारी यादवले १४ हजार ६ सय २२ मत प्राप्त गरेकी थिइन् । स्वतन्त्र भने पनि उनी तत्कालीन माओवादीकी बागी उम्मेदवार थिइन् । उनी तत्कालीन पाँचदलीय गठबन्धनको कारण टिकट नपाएपछि स्वतन्त्र उठेकी थिइन् । अहिले यो समूह नेकपा (एमाले) प्रवेश गरेको छ । तसर्थ, एमालेलाई पनि धेरै कमजोर आँक्न मिल्दैन । रोचक कुरा मधुमालाका भाइ अमनिश यादव एमाले उम्मेदवार बन्दा मधुमाला स्वतन्त्र उम्मेदवार बेनकी छिन् ।

राकेशकुमार मिश्र गत चुनावमा जसपा, नेपालबाट ५ हजार ८सय १३ मत पाएका थिए । उनी अहिले जनमत पार्टीका उम्मेदवार छन् । जनमतका रामबाबु रायले ३ हजार ४ सय २९ र बहुजन एकता नेपाल पार्टी, राजाराम पासवान ५ हजार १ सय ५८ मत पाएका थिए ।

गत निर्वाचनसम्म यहाँ रास्वपाको स्थिति बिल्कुलै खराब थियो । रास्वपाका धिरज ठाकुरले ३०६ मत मात्र प्राप्त गरेका थिए । रास्वपालाई अमरेश कुमार सिंहको व्यक्तित्व प्रभाव र यसपटकको बालेन लहरले के कति फेवर गर्ने हो ? उनको अनुकूलता त्यही हुने हो ।

गत चुनावका उम्मेदवारहरू यसपटक परिवर्तन भएका छन् । स्वतन्त्र अमरेश सिंह मात्र रास्वपा प्रवेश गरेका छैनन्, तेस्रो स्थानमा रहेकी मधुमाला कुमारी यादवको परिवार एमाले प्रवेश गरे छ । राकेशकुमार मिश्र गत चुनावमा जसपा, नेपालका उम्मेदवार थिए, यसपटक जनमतका उम्मेदवार छन् ।

गत चुनावमा एमाले र माओवादी दुवै ठूला कम्युनिस्ट दलका उम्मेदवार नहुनु र कम्युनिस्ट मतदाताले कांग्रेसलाई मतदान गर्न नचाहनु अमरेशका लागि सबैभन्दा ठूलो राजनीतिक फाइदाको विषय बनेको थियो । एमालेले जसपा र माओवादीले नेपाली कांग्रेससँग गठबन्धन गरेको थियो । यसपटक सबै पार्टीका उम्मेदवार छन् ।

नेपाली कांग्रेसको बागी मत अमरेश सिंहसँगै रास्वपातिर जान्छ वा नेपाली कांग्रेसमा फर्किन्छ, त्यसले चुनावी हारजितमा धेरै ठूलो अर्थ राख्नेछ । सबै दलको परम्परागत मत आ-आफ्नो दलमा फर्किएमा अमरेशको जनमत गत निर्वाचनमा भन्दा पनि संकुचन हुनसक्नेछ । रास्वपा पार्टीका रूपमा भने निर्वाचन क्षेत्रमा अहिले पनि बलियो छैन ।


तीन साना दल राष्ट्रिय मुक्ति पार्टीका उदयकान्त मिश्र, बहुजन एकता पार्टीका हरिनन्दन कुमार रञ्जन र आम जनता पार्टीकी रिंकी कुमारी शाहले प्राप्त गर्ने मतले पनि विजय समीकरणलाई प्रभावित गर्न सक्नेछ ।

सर्लाही-४ मा गगन थापाको जित असम्भव छैन । अमरेशको विद्रोहका बावजुद निर्वाचन क्षेत्रको सबैभन्दा ठूलो दल विगतमा नेपाली कांग्रेस नै थियो, तर गगन चुनौतीमुक्त वा पराजयको जोखिम बाहिर भने छैनन् ।-नेपाल न्युज

# सेयर बजारमा निर्वाचनको प्रभाव

राकेश यादव
(औरही,महोत्तरी)

गत भदौ २३ र २४ मा देखिएको जेन-जी आन्दोलन र त्यसपछिको राजनीतिक परिघटनाक्रमको पृष्ठभूमिमा आसन्न फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै गएको छ। संसद् विघटनपछि राष्ट्रपतिबाट निर्वाचनका लागि छ महिने कार्यादेश प्राप्त सरकारले चुनाव केन्द्रित तयारी तीव्र बनाएको छ।




निर्वाचन हुने सुनिश्चित भएपछि अन्तरिम सरकारका चार मन्त्रीले राजीनामा दिई उम्मेदवारी दर्ता गराइसकेका छन्। निर्वाचन आयोगमा दल दर्ता, समानुपातिक सूची बुझाउने तथा प्रत्यक्षतर्फ दलिय र स्वतन्त्र उम्मेदवारहरूको दर्ता प्रक्रिया सम्पन्न भइसकेको छ। दलहरू घरदैलो अभियानमा सक्रिय छन् भने सभा, सम्मेलन र चुनावी घोषणापत्र तयारी तीव्र बन्दै गएको छ। देशभर चुनावी माहौल व्यापक रूपमा फैलिँदै गएको देखिन्छ।

चुनावी गतिविधि बढेसँगै उपभोक्ता बजारमा पनि चहलपहल बढेको छ। विभिन्न अनुमानअनुसार निर्वाचन प्रयोजनमा करिब एक खर्ब रुपैयाँ बराबरको खर्च हुने आँकलन गरिएको छ, जसले अर्थतन्त्रमा अस्थायी चलायमानता ल्याउने अपेक्षा गरिएको छ।

यही पृष्ठभूमिमा सेयर बजारले समेत सकारात्मक संकेत देखाएको छ। पुँजीवादी आर्थिक नीति अवलम्बन गर्ने राष्ट्रिय स्वतन्त्र पार्टीलगायत नयाँ राजनीतिक शक्तिहरूको प्रभाव बढ्दै जाँदा सेयर बजारले 'ग्रिन सिग्नल' दिनु स्वाभाविक देखिएको छ। माघ ६ गते प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता सम्पन्न भएसँगै सेयर बजार परिसूचक एकैदिन ४२ अङ्कले बढेको थियो।

निर्वाचन आयोगले मतपत्र छपाइ अन्तिम चरणमा पुऱ्याएको छ भने म्यादी प्रहरी भर्ना प्रक्रिया पूरा भइसकेको छ। माघको दोस्रो सातादेखि चुनावी सुरक्षाका लागि नेपाली सेना परिचालन हुने तयारी गरिएको छ। दातृ निकायहरूले पनि निर्वाचन प्रयोजनका लागि आवश्यक सहयोग उपलब्ध गराउन थालेका छन्। आयोगले चुनावी तयारी अन्तिम चरणमा पुगेको जनाएको छ।

विश्लेषकहरूका अनुसार फागुन २१ को निर्वाचन जेन-जी आन्दोलनबाट उत्पन्न राजनीतिक चेतनाको परिणाम हो। कुशासन, भ्रष्टाचार र परम्परागत राजनीतिक शक्तिको वर्चस्वविरुद्ध उठेको असन्तोषले नयाँ दलप्रति जनआकर्षण बढाएको देखिन्छ। काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहसँग जोडिएको राष्ट्रिय स्वतन्त्र पार्टी, कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टी, श्रम संस्कृति पार्टीलगायत नयाँ शक्तिहरूको प्रभाव विस्तार भइरहेको बताइन्छ।

यद्यपि, पुराना तथा सांगठनिक रूपमा बलिया दलहरू कमजोर भइसकेका भने छैनन्। मिश्रित निर्वाचन प्रणालीका कारण कुनै एक दलले स्पष्ट बहुमत ल्याउने सम्भावना कम देखिएको विश्लेषण छ।

यसअघि बालेन शाह र कुलमान घिसिङ राष्ट्रिय स्वतन्त्र पार्टीसँग जोडिँदा सेयर बजारमा उल्लेख्य वृद्धि देखिएको उदाहरण दिँदै लगानीकर्ताहरूले नयाँ र ाजनीतिक शक्तिप्रति बजारको सकारात्मक धारणा रहेको बताउँदै आएका छन्। ती दलहरूको आर्थिक दृष्टिकोण उदारवादी तथा निजी क्षेत्रमैत्री भएकाले बजार अनुकूल वातावरण बन्ने अपेक्षा गरिएको छ।

इतिहासतर्फ हेर्दा २०६४ सालको निर्वाचनमा माओवादी केन्द्रको प्रभाव बढ्दा सेयर बजारमा गिरावट आएको थियो। सो समयमा अर्थनीतिसम्बन्धी अभिव्यक्तिले बजारको मनोविज्ञान नकारात्मक बनेको उदाहरण पनि स्मरणीय छ। तर पछिल्ला वर्षहरूमा कम्युनिष्ट भनिने दलहरू समेत व्यवहारमा उदार अर्थनीतितर्फ उन्मुख हुँदै आएका छन्।

हालको अवस्थामा सेयर बजार दलीय नामभन्दा पनि नीति, नेतृत्व र स्थायित्वप्रति बढी संवेदनशील देखिन्छ। पुराना अनुहार दोहोरिने हो कि भन्ने आशङ्का कायमै रहे पनि प्रमुख दलहरूमा युवा नेतृत्व अघि सारिएको छ। नेपाली कांग्रेसले गगन थापालाई भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरेको छ भने अन्य दलहरूमा पनि युवाको उपस्थिति उल्लेख्य देखिन्छ।

जेन-जी आन्दोलनको पृष्ठभूमिमा नयाँ सोच र युवा नेतृत्वको खोजी भइरहेको वर्तमान राजनीतिक माहौलले आगामी दिनमा सेयर बजारमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ। निर्वाचन नजिकिँदै जाँदा र नयाँ शक्तिहरूको प्रभाव बढ्दै जाँदा बजार थप उत्साहित हुन सक्ने विश्लेषकहरूको भनाइ छ।

# गौशालाबाट मोटरसाइल

पछाडिबाट फलामको रड प्रहार गरेका थिए। अचानक भएको आक्रमणबाट कुशवाहा गम्भीर घाइते भई सडकमा बेहोस भए ढल्नु भएको थियो।

आक्रमणपछि लुटेराहरूले कुशवाहाको मोटरसाइकल र एक थान मोबाइल फोन लुटी फरार भएका थिए।

घटनाको जानकारी प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय गौशाला मातहत प्रहरी चौकी कान्तिबजार तथा इलाका प्रहरी कार्यालय गौशालाबाट खटिएको संयुक्त प्रहरी टोलीले खोजतलास सुरु गरेको थियो।

खोजतलासका क्रममा विहिवार गौशाला नगरपालिका-१२ र सर्लाही जिल्लाको सिमानामा रहेको जंगल क्षेत्रमा लुकिछिपी बसेको अवस्थामा तीनै जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक शैलेन्द्र कुमार भट्टले जानकारी दिनुभयो।

पक्राउ परेका तीनै जनालाई इलाका प्रहरी कार्यालय गौशालाको हिरासतमाा राखी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। घाइते कुशवाहाको उपचार भइरहेको छ।घटनापछि गौशाला क्षेत्रमा रात्रीकालीन सुरक्षाप्रति चिन्ता बढेको भन्दै स्थानीयवासीले प्रहरी गस्ती थप प्रभावकारी बनाउन माग गरेका छन्।






# कांग्रेस सभापति थापा मधेश प्रदेश कार्यसमितिको बैठकमा सम्बोधन गर्ने



**खबर दर्पण समाचारदाता**
**माघ १५ गते, धनुषा**

नेपाली कांग्रेसका सभापति गगन थापाले शुक्रबार जनकपुरधामस्थित पार्टीको मधेश प्रदेश कार्यालयमा बस्ने प्रदेश कार्यसमितिको बैठकमा सहभागिता जनाउँदै सम्बोधन गर्ने भएका छन् ।

बैठकमा फागुन ७ मा जनकपुरधाममा आयोजना हुने मधेश सभाको तयारी, व्यवस्थापन तथा समन्वयका विषयमा छलफल हुने पार्टी मधेश प्रदेश प्रचार विभाग प्रमुख नितिशकुमार गुप्ताले जानकारी दिए । सभापति थापाले प्रदेशभर पार्टीको प्रचारप्रसार प्रभावकारी र व्यवस्थित बनाउन निर्देश तथा मन्तव्य दिने तयारी छ ।

बैठकमा मधेश प्रदेशका ३२ वटै निर्वाचन क्षेत्रका प्रतिनिधि सभा सदस्य उम्मेदवारहरूलाई पनि बोलाइएको छ । सभापति थापा स्वयं फागुन २१ गते हुने निर्वाचनमा सर्लाही-४ बाट उम्मेदवार रहेका कारण आफ्नो निर्वाचन क्षेत्रमा प्रचार प्रसारमा व्यस्त छन् ।

कांग्रेसले फागुन ७ मा जनकपुर धाममा हुने सभाबाट औपचारिक रूपमा प्रचार अभियान सुरु गर्ने योजना बनाएको छ । त्यसको तयारीको लागि कार्यसमितिको बैठक राखिएको हो ।

# मधेश प्रदेशमा शुक्रबारदेखि लगातार तीन दिन सार्वजनिक विदा

**खबर दर्पण समाचारदाता**
**माघ १५ गते, धनुषा**

नेपाल सरकारको विदा सूचीअनुसार भोली शुक्रबार शहिद दिवसको अवसरमा सार्वजनिक विदा दिइएको छ । प्रत्येक वर्ष माघ १६ गते मनाइने शहिद दिवसको अवसरमा देशभर सरकारी कार्यालयहरू बन्द रहनेछन् ।

यसैबीच, मधेश प्रदेश सरकारले आईतबार रविदास जयन्तीको अवसरमा पनि सार्वजनिक विदा दिएको छ । मधेश प्रदेश सरकार अन्तर्गत गृह, सञ्चार तथा कानुन मन्त्रालयले जारी गरेको सूचनाअनुसार मधेश प्रदेशभित्र बसोबास गर्ने दलित, अल्पसंख्यक तथा सीमान्तकृत समुदायले मनाउने रविदास जयन्तीको अवसरमा एक दिन सार्वजनिक विदा दिने निर्णय गरिएको हो ।

उक्त निर्णयअनुसार आईतबार मधेश प्रदेशका आठवटै जिल्लामा सरकारी कार्यालयहरू बन्द रहनेछन् । भोली शुक्रबार शहिद दिवस, पर्सी शनिवार नियमित साप्ताहिक विदा र आईतबार रविदास जयन्तीका कारण मधेश प्रदेशमा लगातार तीन दिन सार्वजनिक विदा हुने भएको छ ।


## नगरबासिहरुमा हार्दिक अनुरोध

- कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै राख्नुहोस् ।
- फोहोर जथाभावी नफाल्नुहोस्, तोकिएको स्थान र समयमा मात्र फोहोरमैला फाल्नुहोस् ।
- प्लास्टिकजन्य फोहोर कम गर्नुहोस् र फोहोरबाट कम्पोस्ट मल बनाउनुहोस् ।
- पानी उमालेर वा फिल्टर गरेर मात्र पिउनुहोस् ।
- आफ्नो घर र आँगन सफा राख्नुहोस् ।
- लामखुट्टेको टोकाइबाट बच्न घर वरिपरि पानी जम्न नदिनुहोस् ।
- एलपी ग्यासको रेगुलेटर, पाइप र सिलिन्डरको नियमति जाँच गर्नुहोस् ।
- आगलागीका घटनाहरू रोक्न सतर्क रहनुहोस्, विशेष गरी सुख्खा मौसममा ।
- हाम्रो सहर, राम्रो सहर: सफा र सुरक्षित राख्ने जिम्मा हाम्रो !



मनोज कुमार साह
नगर प्रमुख
जनकपुरधाम उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम धनुषा, मधेश प्रदेश

# कोरियन ब्युटी प्रोडक्ट्स प्रयोग गरौं सधैं जवान देखियौं ।

**बर्दिबास क्षेत्रको लागि मार्केटिंग अफिसर सम्पर्क नं. - ९८०४८११३७५**

**साथै होम डेलिभरीको सुविधा छ।**





खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,